एन.एस.डब्ल्यू. स्वास्थ्य

मेनिन्गोकोकल ACWY खोप

अभिभावक जानकारी पत्र

अष्ट्रेलियाली सरकारले राष्ट्रिय खोप कार्यक्रम (NIP) अन्तर्गत किशोरकिशोरीहरूका लागि केही खोपहरू नि:शुल्क प्रदान गर्दछ।

प्रश्न: मेनिन्गोकोकल रोग भनेको के हो?

मेनिन्गोकोकल रोग एक दुर्लभ तर गम्भीर संक्रमण हो। यसले सामान्यतया मेनिन्जाइटिस (मस्तिष्क र मेरुदण्ड सुन्निने) र/वा सेप्सेस (sepsis) गराउछ।

लक्षणहरूमा निम्न देखिन सक्छन्:

- **अकस्मात ज्वरो आउँने**
- **टाउको दुख्ने**
- **घाँटी असहज हुने**
- **जोर्नी दुख्ने**
- **रातो-बैजनी रंगको दाग देखिने वा घाउ हुने**
- **उज्यालो बत्तीहरू प्रति संवेदनशीलता देखाउँने**
- **वाकवाकी लाग्ने र बान्ता हुने**

उपयुक्त एन्टिबायोटिक उपचार गर्दागर्दै पनि, १०% जति मेनिन्गोकोकल संक्रमण घातक हुन सक्छ। बाँचेकाहरूमा दीर्घकालीन रुपमा जटिलताहरू हुन सक्छन्।

प्रश्न: मेनिन्गोकोकल रोग कसरी फैलिन्छ?

मेनिन्गोकोकल ब्याक्टेरिया नाक र घाँटीबाट निस्कने ऱ्याल मार्फत मानिसहरूमा सर्छ। सामान्यतया पूर्ण रूपमा स्वस्थ व्यक्तिमा सर्न, जीवाणु संक्रमित व्यक्तिसँग नजिकको र लामो समय सम्पर्क भएको हुनु पर्छ। 'नजिकको र लामो सम्पर्क' को उदाहरण एउटै घरमा बस्नु वा गहिरो चुम्बन गर्नु हो। मेनिन्गोकोकलका जीवाणु सजिलै फैलिँदैनन् र शरीर बाहिर हुँदा लामो समयसम्म बाँच्दैनन्।

प्रश्न: खोपहरूले कसरी काम गर्छन्?

खोपहरूले तपाईंको प्रतिरक्षा प्रणालीलाई संक्रमणसँग लड्न मद्दत गर्छन्। यदि खोप लगाइएको व्यक्ति यी संक्रमणहरूको सम्पर्कमा आउँछ भने, या त रोगको विकासलाई रोक्न वा यसको गम्भीरतालाई कम गराउन, तपाईंको प्रतिरक्षा प्रणालीले यस बिरुद्ध लड्न सक्छ।

प्रश्न: मेनिन्गोकोकल ACWY खोप कत्तिको प्रभावकारी छ?

मेनिन्गोकोकल ACWY खोपको एक खुराकले चार प्रकारका मेनिन्गोकोकल रोगहरू (टाइप A, C, W र Y) विरुद्ध निकै प्रभावकारी छ। यसले टाइप B रोग विरुद्ध सुरक्षा प्रदान गर्दैन।

प्रश्न: यो खोप कसले लगाउनु पर्छ?

माध्यमिक विद्यालयका सबै १० कक्षाका विद्यार्थीहरू र/वा १५-१९ वर्ष उमेरका विद्यार्थीहरूले मेनिन्गोकोकल टाइप A, C, W, र Y बाट बच्न यो खोप लगाउनु पर्छ।

प्रश्न: यो खोप कसले लगाउनु हुँदैन?

निम्न व्यक्तिहरूले मेनिन्गोकोकल ACWY खोप लगाउनु हुँदैन:

- **गर्भवती भएका वा भएको आशंका भएका**
- **मेनिन्गोकोकल खोपको अघिल्लो खुराक लिए पछि एनाफिलेक्सिस भएका**
- **खोप संरक्षण तत्वहरु सेवन पश्चात एनाफिलेक्सिस भएका**
- **टिटानस टक्सोइड प्रति अतिसंवेदनशीलता भएका।**

प्रश्न: एनाफिल्याक्सिस भनेको के हो?

एनाफिल्याक्सिस एक गम्भीर एलर्जी सम्बन्धी असर हो जसको छिटो उपचार गरिएन भने अचेत हुन वा मृत्यु हुन सक्छ। खोप लगाएपछि यो हुने सम्भावना धेरैनै कम हुन्छ। खोप प्रदायकहरू एनाफिल्याक्सिसको उपचार गर्न तालिम प्राप्त हुन्छन्।

प्रश्न: खोपहरू कति सुरक्षित छन्?

अष्ट्रेलियामा खोपहरू धेरै सुरक्षित छन्। थेराप्युटिक गुड्स एडमिनिस्ट्रेशन (TGA) बाट अनुमोदन हुनु अघि निकै कडा सुरक्षा जाँचहरू पास गर्नुपर्छ। TGA ले खोप लगाए पश्चात पनि निगरानी गर्छ।

प्रश्न: मेनिन्गोकोकल ACWY खोपमा के के हुन्छ?

खोपमा ट्रोमेटामोल, सुक्रोज, सोडियम क्लोराइड, सोडियम एसीटेट र पानी हुन सक्छ। खोपलाई सक्रिय वा सुरक्षित राख्न मद्दत गर्न यी थोरै मात्रामा मिसाइएका हुन्छन्।

प्रश्न: मेरो बच्चाले पहिले नै मेनिन्गोकोकल ACWY खोप लगाइसकेको होइन र? के यो फेरि लगाउँदा सुरक्षित हुन्छ?

जुलाई २०१८ देखि १२ महिना उमेरका बालबालिकाहरूलाई मेनिन्गोकोकल ACWY खोप दिइँदै आएको छ। तपाईंको बच्चाले पहिले मेनिन्गोकोकल C खोप लगाएको हुन सक्छ। त्यो खोपले मेनिन्गोकोकल C रोग विरुद्ध मात्र काम गर्छ।

केही देशहरूमा, किशोरकिशोरीहरूलाई बूस्टर खोप लगाउन सिफारिस गरिन्छ। यो ACWY खोपले मेनिन्गोकोकल C, का साथै A, W, र Y विरुद्ध सुरक्षा प्रदान गर्दछ।

केही निश्चित स्वास्थ्य अवस्था भएका (जस्तै एस्प्लेनिन नभएका वा रोग प्रतिरोधात्मक क्षमतामा कमी भएका) केही किशोरकिशोरीहरूले पहिले नै यो खोप लगाइसकेका हुन सक्छन्। यदि त्यसो हो भने, तपाईंको बच्चाले अर्को खुराक लिनु पर्छ/पर्दैन थाहा पाउँन कृपया आफ्नो जी.पी. वा विशेषज्ञसँग कुरा गर्नुहोस्।

प्रश्न: यो खोप अरू कसले लगाउनु पर्छ?

यो खोप निम्न व्यक्तिहरूका लागि सिफारिस गरिन्छ:

- **हज जस्ता मेनिन्गोकोकल रोगको उच्च जोखिम भएका क्षेत्रहरूमा यात्रा गर्ने मानिसहरू**
- **केही कामदारहरू, जस्तै सूक्ष्मजीव विज्ञान प्रयोगशालाका कर्मचारीहरू**
- **एस्पेलिन (spleen) नभएका जस्ता स्वास्थ्य समस्या भएका मानिसहरू।**

प्रश्न: मेनिन्गोकोकल ACWY खोपका साइड इफेक्टहरु के के हुन्?

साइड इफेक्टहरू सामान्यतया हल्का हुन्छन्। यसमा निम्न हुन सक्छ:

- **ज्वरो आउँने**
- **टाउको दुख्ने**
- **चक्कर लाग्ने**
- **खोप लगाइएको ठाउँमा दुख्ने, रातो हुने, वा सुन्निने।**

यी साइड इफेक्टहरू सामान्यतया २-३ दिन भित्र हराउँदै जान्छन्। गम्भीर साइड इफेक्टहरू विरलै हुन्छन्।

साइड इफेक्ट बारे थप जानकारीको लागि, health.nsw.gov.au/schoolvaccination मा जानुहोस् र उपभोक्तालाई औषधि सम्बन्धी जानकारी (CMI) हेर्नुहोस्।

यदि तपाईं साइड इफेक्टको बारेमा चिन्तित हुनुहुन्छ भने, आफ्नो जी.पी. लाई सम्पर्क गर्नुहोस्। स्थानीय जनस्वास्थ्य इकाईलाई कुनै पनि चासो बारे रिपोर्ट गर्न सकिन्छ।

प्रश्न: म मेरो बच्चाको खोपको अभिलेख कसरी प्राप्त गर्न सक्छु?

तपाईंको बच्चाको खोपको विवरणहरू अष्ट्रेलियन इम्युनाइजेशन रजिष्टर (AIR) मा राखिनेछ।

अभिभावकले आफ्नो बच्चा १४ वर्षको उमेर नपुगुन्जेलसम्म उसको खोपको इतिहास विवरण (Immunisation History Statement) को प्रतिलिपि प्राप्त गर्न सक्छन्। १४ वर्ष र सोभन्दा माथिका विद्यार्थीहरूले आफ्नो अभिलेख आफैँ लिन सक्छन्। तपाईं यो निम्न मार्फत लिन सक्नुहुन्छ:

- **तपाईंको मेडिकेयर अनलाइन खाता मार्फत my.gov.au**
- **मेडिकेयर एक्सप्रेस प्लस एप प्रयोग गरेर: servicesaustralia.gov.au/express-plus-mobile-apps**
- **1800 653 809 मा AIR साधारण सोधपुछ लाइनमा फोन गरेर।**